# अर्थ ( आय ) विभागको सूचना

## बैंकको माल खोल्ने नियम

उपरोक्त विषयको टिप्पणी चैत्र १४ गतेको श्री ५ महाराजाधिराज मौसूफका परामर्शदातृ-सभाको बैठकमा पेश हुँदा उक्त विषयमा देहायबमोजिम गर्नें गरी निर्णय भएअनुसार श्री ५ महाराजाधिराजबाट हुकुम बक्सेको छ भनी ३।४।१९५३ मा लेखिआएको हुनाले लेखिएको छ। सोबमोजिम गर्नु गराउनुहोला।

(१) यो आदेश दाखिल भएका मितिसम्ममा बैंकको गोदाम दाखिल भई राखेको मालहरू आदेश दाखिल भएको मितिले १५ दिनभित्र भन्सारले मालधनी राखी खोली लगत गर्ने।

(२) अब पछि आउने माल पनि बैंकले माल डिलेभरी लिएको १५ दिनभित्र मालधनी राखी खोली लगत गर्ने गर्नु।

(३) माल झिकाउने महाजनले म्यादभित्र खोलाई लगत नगराए बैंकको मानिस राखी खोली बैंकको नाउँमा लगत गर्ने गर्नु।

(४) उक्त दफा दफाबमोजिम महाजनले वा बैंकले खोलाई लगत नगराए त्यस्तो माल खोलाई साक्षीको सामुन्ने लिलाम बिक्री गरी त्यसबाट आएको रुपयाँबाट सरकारमा लाग्ने भन्सार महसूल कटाई स्याहामा आमदानी बाँध्नू र अरू बाँकी रुपैयाँ बाटाको म्यादबाहेक ३ दिनभित्र लिन आउनू नआए सदर स्याहा हुनेछ भनी महाजनलाई जनाउ म्याद लेखी पठाउनू, सो म्यादभित्र लिन नआए धरौटीबाट खर्च लेखी सदर स्याहा गर्नू।

रामप्रसाद जोशी
अ. सेक्रेटरी—
अर्थ ( आय ) विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।